**आशयपत्र माग सम्वन्धमा**

**धरान उप महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय**

सुनसरी, प्रदेश नं. १ , नेपाल

**प्रथम पटक प्रकाशित मिति : २०७६।०५।१७ गते मंगलवार**

**दोश्रो पटक प्रकाशित मिति : २०७६।०६।०७ गते मंगलवार**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस सुनसरी जिल्ला अन्तरगत धरानमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि आप्रवासी श्रोत उप केन्द्र (सूचना तथा परामर्श उप केन्द्) सञ्चालन गर्ने तथा धरान उप महा नगरपालिका र इटहरी उप महा नगरपालिकामा समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गईरहेको सुरक्षित आप्रवासन कार्यक्रम (Safer Migration Program) का लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन ईच्छुक नेपालको प्रचलित कानून अनुसार देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनिहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धी आशय पत्र आहवान गरिएको छ । योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले पन्द्र (१५) दिन भित्रमा (मितिः २०७६।०६।२१) मा तर अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयमा धरान उप महा नगरपालिका नगरकार्यपालिकाको कार्यालय, सुनसरीमा आईपुग्ने गरी निर्धारित ढाँचामा आशय पत्र पेश गर्न सकिनेछ । पहिला आशय पत्र पेश गरि सकेका संस्थाहरु स्वत प्रकृयामा समावेश हुने भएकोले पुनः आशय पत्र पेश गरिरहनु पर्ने छैन । आशयपत्रको ढाँचा, धरान उप महानगरपालिका र इटहरी उप महानगरपालिकाको वेव साईटमा (www.dharan.gov.np) र (www.itaharimun.gov.np) मा राखिएको छ ।

(१) आशय–पत्र दाताको योग्यता :

(क) अनुभव : कम्तिमा पाँच बर्ष अगाडी दर्ता भई कार्यक्रम सञ्चालन गरेको ।

(ख) प्रस्तावित कार्यसँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

(२) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय : कम्तिमा तीन बर्ष परामर्श सेवा प्रदान गर्नुपर्नेछ ।

(३) संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिदसम्बन्धी प्रस्तावना माग गरिनेछ ।

(४) आशय–पत्र दाताले आशय–पत्रसाथ आशय–पत्रको नमुनामा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(५) आशय–पत्र पेश गर्ने स्थानः धरान उप महा नगरपालिकाको कार्यालय, सुनसरी

(६) आशय–पत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारवाहि गरिने छैन ।

(७) सुरक्षित आप्रवासनसम्बन्धि सम्पुर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ ।

(८) यो सेवा प्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्थासंग उप सम्झौता (sub contract) गर्न पाईने छैन । तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित सञ्जालसंग उप सम्झौता गर्न यो बुदाँले वाधा पुर्याउने छैन।

(९) आवश्यक थप जानकारीका लागि सम्पर्क गर्ने ठेगाना र सम्पर्क व्यक्ति : धरान उपमहा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय ईमेलः info@dharan.gov.np